आज मिति २०८२ साल असार महिना ९ गते सोमवारका दिन शिवपुरी गाउँपालिकाको गाउँ सभाको १६ औं अधिवेशनको पहिलो बैठक सभाका अध्यक्ष श्री गोविन्द प्रसाद थपलियाज्यूको अध्यक्षतामा तपसिलको उपस्थितीमा बसि निम्नानुसार निर्णयहरु गरियो ।

<u>उपस्थिती</u>

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गोविन्द प्रसाद थपलिया | अध्यक्ष | |
| २ | श्री विर बहादुर तामाङ | उपाध्यक्ष | |
| ३ | श्री सुकुराम तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री कुमार तामाङ | वडा अध्यक्ष | |
| ५ | श्री नाति तामाङ | वडा अध्यक्ष | |
| ६ | श्री चन्द्र वहादुर गुरुङ | वडा अध्यक्ष | |
| ७ | श्री रेशम बहादुर मोक्तान | वडा अध्यक्ष | |
| ८ | श्री विष्णु श्रेष्ठ | वडा अध्यक्ष | |
| ९ | श्री वीर बहादुर तामाङ | वडा अध्यक्ष | |
| १० | श्री केशब प्रसाद रिजाल | वडा अध्यक्ष | |
| ११ | श्री सन्जि मायाँ तामाङ | कार्यपालिका सदस्य | |
| १२ | श्री ज्ञानु माया तामाङ | कार्यपालिका सदस्य | |
| १३ | श्री सावित्री रिजाल | कार्यपालिका सदस्य | |
| १४ | श्री भगवती बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | श्री रिता नेपाली | कार्यपालिका सदस्य | |
| १६ | श्री जानुका खाती सुनार | कार्यपालिका सदस्य | |
| १७ | श्री सुन्तली विश्वकर्मा | दलित महिला सदस्य | |
| १८ | श्री दिपेन्द्र खत्री | सदस्य | |
| १९ | श्री प्रकाश तामाङ | सदस्य | |
| २० | श्री निर्मला वि.क. | दलित महिला सदस्य | |
| २१ | श्री अर्जुन तामाङ | सदस्य | |

CamScanner

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| २२ | श्री मान बहादुर तामाङ | सदस्य | मान |
| २३ | श्री सावित्री सुनार कामी | दलित महिला सदस्य | सावित्री |
| २४ | श्री कृष्ण बहादुर तामाङ | सदस्य | |
| २५ | श्री फूल मान तामाङ | सदस्य | |
| २६ | श्री कमला तामाङ | महिला सदस्य | कमला |
| २७ | श्री राधिका वि.क. | दलित महिला सदस्य | राधिका |
| २८ | श्री मञ्जु तामाङ | सदस्य | |
| २९ | श्री उद्धव थापा | सदस्य | |
| ३० | श्री मालती पोखरेल | महिला सदस्य | मालती |
| ३१ | श्री सर्मिला सुनार | दलित महिला सदस्य | |
| ३२ | श्री देवि बहादुर थापा क्षेत्री | सदस्य | |
| ३३ | श्री प्रेम बहादुर तामाङ | सदस्य | प्रेम |
| ३४ | श्री जानुका नेपाली | दलित महिला सदस्य | Janukg |
| ३५ | श्री कमल तमाङ | सदस्य | |
| ३६ | श्री विशाल थापा | सदस्य | |
| ३७ | श्री जुनु कुमारी तामाङ | महिला सदस्य | |
| ३८ | श्री पार्वती विश्वकर्मा | दलित महिला सदस्य | पार्वती |
| ३९ | श्री रण सिङ तामाङ | सदस्य | |
| ४० | श्री मनिष गोतामे | सदस्य | |
| ४१ | श्री भरत कुमारी थापा | महिला सदस्य | भरत |
| ४२ | श्री सरिता नेपाली | दलित महिला सदस्य | Sanita |
| ४३ | श्री राम बहादुर पाठक | सदस्य | Ram |
| ४४ | श्री अक्कल बहादुर तामाङ | सदस्य | K.tamang |
| ४५ | श्री बद्रिनाथ लम्साल | सचिव | |

CS CamScanner

मिति २०८२ साल असार महिना ९ गते सोमवारका दिन यस शिवपुरी गाउँपालिकाको गाउँ सभाको १६ औं अधिवेसनको पहिलो बैठकमा उपस्थित कर्मचारीहरुको विवरण

उपस्थिति

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद न्यौपाने | अधिकृत सातौं | |
| २ | श्री सुरेश थापा | अधिकृत सातौं | |
| ३ | श्री शिशिर भट्टराई | इन्जिनियर | |
| ४ | श्री नारायण श्रेष्ठ | स्वास्थ्य संयोजक | |
| ५ | श्री घनश्याम बेलबासे | लेखा प्रमुख | |
| ६ | श्री विजय के.सी. | रोजगार संयोजक | |
| ७ | श्री फुर्वा लामा | सूचना प्रविधि अधिकृत | |
| ८ | श्री विशाल लोहनी | कृषि स्नातक | |
| ९ | डा. सिजन अधिकारी | पशु चिकित्सक | |
| १० | श्री विष्णु प्रसाद खनाल | सहायक पाँचौं | |
| ११ | श्री धुर्व न्यौपाने | प्राविधिक सहायक (शिक्षा) | |
| १२ | श्री चुडाराज खनाल | कम्प्युटर अपरेटर | |
| १३ | श्री गोकुल देव जोशी | सब-ईन्जिनियर | |
| १४ | श्री रंजित कुमार सिंह | हे.अ. | |
| १५ | श्री सविन डंगोल | एम.आई.एस. अपरेटर | |
| १६ | श्री पुजा खतिवडा | वित्तिय साक्षरता सहजकर्ता | |
| १७ | श्री कल्पना के.सी. | न्यायिक सहजकर्ता | |
| १८ | श्री रमेश कंडेल | सब-ईन्जिनियर | |
| १९ | श्री लक्ष्मण सिटौला | प्राविधिक सहायक (रोजगार) | |
| २० | श्री शरण तामाङ | रोजगार सहायक | |
| २१ | श्री अरुणा तामाङ | मनोसामाजिक परामर्शकर्ता | |

CamScanner

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| २२ | श्री राकेश तामाङ | खरिदार | |
| २३ | श्री नवराज कार्की | अ-सब-ईन्जिनियर | |
| २४ | श्री सरिता श्रेष्ठ | फिल्ड सहायक | |
| २५ | श्री रोशन बहादुर बोहरा | बैद्य | |
| २६ | श्री सुदिप के.सी. | अमिन | |
| २७ | श्री रविना अधिकारी | नेत्र सहायक | |
| २८ | श्री जीवन सुवाल | सर्वेक्षक | |
| २९ | श्री निराजन शाही | अमिन | |
| ३० | श्री धुर्व श्रेष्ठ | कार्यालय सहयोगी (पाँचौ) | |
| ३१ | श्री दिपक थापा | हलुका सवारी चालक | |
| ३२ | श्री लोकेन्द्र तामाङ | हलुका सवारी चालक | |
| ३३ | श्री राजु तामाङ | हलुका सवारी चालक | |
| ३४ | श्री अमन तामाङ | एम्बुलेन्स चालक | |
| ३५ | श्री नारायण खतिवडा | रिटर्नी स्वयंसेवक | |
| ३६ | श्री रण बहादुर बुढाथोकी | कार्यालय सहयोगी | |
| ३७ | श्री रजनी बस्नेत | कार्यालय सहयोगी | |
| ३८ | श्री भगवान पण्डित | कार्यालय सहयोगी | |
| ३९ | श्री राजन बखती | कार्यालय सहयोगी | |
| ४० | श्री मेनुका थापा | कार्यालय सहयोगी | |
| ४१ | श्री दले लामा तामाङ | अप्टिकल फिटर | |
| ४२ | श्री कल्पना अधिकारी | सुरक्षा गार्ड | |
| ४३ | श्री गोपाल पाण्डे | माली | |
| ४४ | श्री हिरा पोखरेल | स्वीपर | |
| ४५ | श्री गोकुल पोखरेल | हल्कारा | |

CamScanner

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ४६ | युवक गिरी | वरिष्ठ हवल्दार | |
| ४७ | तिरेन्द्र कुमार यादव | प्र.ना.नि. | |
| ४८ | केशव खतिवडा | प्र.ज. | |
| ४९ | दल बहादुर तामाङ | प्र.स.ह | |
| ५० | भेरी शाहादी | प्र.ज | |
| ५१ | सन्त गुलाम धोबी | प्र.ज | |
| ५२ | रोशन ओखेड | प्र.स.ह | |
| ५३ | शिव नारायण कुवर | प्र.स.नि | |
| ५४ | विमल सुनार | प्र.ज | |
| ५५ | केदार ओकुलेल | स.ई. | |
| ५६ | [illegible] | " | |
| ५७ | सन्देश पाउडेल | पशु प्राविधिक | |
| ५८ | सरोज थापालेचा | पत्रकार | |
| ५९ | मालती श्रेष्ठ | ना.प्रा.स | |
| ६० | कृष्ण प्रसाद थपलिया | ना.प्रा.स. | |
| ६१ | उज्ज्वल थपलिया | ना.प्रा.स | |
| ६२. | पवित्रा काफ्ले | ना.प्रा.स. | |
| ६३. | नवराज भण्डारी | वडा सचिव | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## गाउँ सभाको १६ औं अधिवेशनका निर्णयहरुः

निर्णय नं. १ नीति तथा कार्यक्रम पास सम्बन्धमाः- गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री गोविन्द प्रसाद थपलिया ज्यूले पेश गर्नु भएको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम सर्वसम्मत पास गर्ने निर्णय गरियो। विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ।

निर्णय नं. २ विधेयक र आय-व्ययको अनुमान पास गर्ने सम्बन्धमाः- गाउँपालिका उपाध्यक्ष श्री विर बहादुर तामाङ ज्यूले प्रस्तुत गर्नु भएको निम्न विधेयक सर्व सम्मत पास गर्ने निर्णय गरियो।

क) आर्थिक विधेयक, २०८२

ख) विनियोजन विधेयक, २०८२

ग) आ.व. २०८२/०८३ को बजेट वक्तव्य

माथि उल्लेखित (क), (ख) र (ग) को विवरण अनुसूची-२, ३ र ४ मा उल्लेख गरिएको छ।

निर्णय नं. ३ योजना तथा कार्यक्रम स्वीकृत सम्बन्धमाः- आ.व. २०८१/०८२ को आम्दानी तथा खर्चको संसोधित आय/व्ययको विवरण र आगामी आ.व. २०८२/०८३ का लागि यस गाउँपालिकाको अनुमानित आय/व्यय सहितको योजना, कार्यक्रम र बजेट स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं ४ खरिद योजना, जिन्सी परिक्षण, लिलाम विक्री तथा मिनाहा सम्बन्धमाः- गाउँपालिकाको लागि आ.व. २०८२/०८३ को वार्षिक खरिद योजना तयार गरी कार्यान्वयन गर्न र गाउँपालिकाको जिन्सी परिक्षण, जिन्सी लिलाम बिक्री र मिनाहा गर्ने कार्यका लागि कार्यपालिकासँग समन्वय गरी कार्य गर्न कार्यालयलाई जिम्मा दिइयो ।

निर्णय नं ५ अधिकार प्रत्यायोजन सम्बन्धमाः- गाउँसभाको निर्णयमा नपरेका केही सार्वजनिक महत्वका विषयहरु र अन्य कार्यहरुको हकमा गाउँसभाबाट पछि अनुमोदन गराउने गरी कार्यपालिकालाई आवश्यक निर्णय लिने अधिकार प्रत्यायोजन गरियो।

निर्णय नं ६ वार्षिक कार्य योजना निर्माण सम्बन्धमाः- गाउँपालिकाबाट सञ्चालन गरिने योजना तथा कार्यक्रमहरु समयमै सञ्चालन गर्नका लागि वार्षिक कार्ययोजना तयार गरी कार्यपालिकाबाट स्वीकृती गरी कार्यान्वयन गर्ने जिम्मा कार्यपालिकालाई दिइयो।

CamScanner

निर्णय नं. ७ आन्तरिक राजस्वको सम्भाव्यता अध्ययन सम्बन्धमाः- गाउँपालिकाबाट लिइने आन्तरिक आयको कर, दस्तुर, महसुल, शुल्क सम्बन्धी विस्तृत राजस्व सम्भाव्यता अध्ययन गर्ने गराउने जिम्मा कार्यपालिकालाई दिने निर्णय गरियो ।

निर्णय नं. ८ लेखा परीक्षण प्रतिवेदन उपर छलफल सम्बन्धमाः- गाउँपालिकाको आ.व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन उपर दफावार छलफल गरियो। उक्त प्रतिवेदनबाट औंल्याइएका पेश्की तथा बेरुजु उपर प्रचलित कानून बमोजिम फछ्यौर्टका लागि लेखा समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ क्षमता अभिवृद्धि तालिम तथा अवलोकन भ्रमण सम्बन्धी योजना तयारी सम्बन्धमाः- जनप्रतिनिधि एवम् कर्मचारीहरुको क्षमता अभिवृद्धि हुने खालका छोटो र लामो अवधिका तालिम तथा अवलोकन भ्रमण सम्बन्धी योजना तयार गरी कार्यान्वयनमा लैजान कार्यपालिकासँग समन्वय गरी कार्य गर्न कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

निर्णय नं १० कर तथा राजस्व सङ्कलन गर्ने अभियान सम्बन्धमाः- वडा तहमै गाउँपालिका भित्रका भवन संरचनाको सम्पत्ति कर, घर बहाल कर, व्यवसाय कर र बहाल विटौरी सङ्कलन गर्ने अभियान सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं ११ बालमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक कार्यक्रम सञ्चालन सम्बन्धमाः- बालमैत्री स्थानीय शासनको अवधारणा अनुसारका क्रियाकलापलाई थप प्रभावकारी बनाउँदै बालश्रम एवम् शोषणरहित गाउँपालिका बनाउन आवश्यक कार्यक्रम गर्ने निर्णय गरियो ।

निर्णय नं १२ तलबी प्रतिवेदन पारित सम्बन्धमाः- गाउँपालिकाको कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुको आ.व. २०८२/०८३ को वार्षिक तलबी प्रतिवेदन पारित गर्नुका साथै नेपाल सरकारद्वारा तोकेको तलबमान अनुसार नै मासिक तलब भत्ता भुक्तानी गर्नको लागि कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ साझेदारी योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धमाः- गाउँपालिकासँग जोडिएका लिखु गाउँपालिका, पञ्चकन्या गाउँपालिका तथा अन्य स्थानीय तहसँग सझेदारीमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने जिम्मा गाउँ कार्यपालिकालाई दिइयो।

CamScanner

निर्णय नं १४ साझेदारी कार्यक्रम सञ्चालन सम्बन्धना:- कृषि तथा पशुपन्क्षी लगायत विभिन्न विषय क्षेत्रगत रुपमा संयुक्त साझेदारी कार्यक्रम सञ्चालन गर्नका लागि गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ सम्मान एवम् पुरस्कृत सम्बन्धमा:- गाउँपालिकाको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका एवम् उत्कृष्ट कार्य गर्ने कृषक, गै.स.स., सञ्चारकर्मी, उपभोक्ता समिति, पर्यटन व्यवसायी, निर्माण व्यवसायी, कर्मचारी, आमा समूह, सहकारी संस्था, युवा क्लब, खेलाडी, सांस्कृतिक टोली, बढी राजस्व संकलन गर्ने वडा आदिलाई कार्यपालिकाको निर्णय अनुसार सम्मानित एवम् पुरस्कृत गर्ने पारिपाटीको थालनी गर्ने जिम्मा कार्यपालिकालाई दिइयो।

निर्णय नं. १६ वडा तहमै सम्झौता र बैंक खाता खोल्ने सम्बन्धमा:- उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरुको वडा तहमै सम्झौता र बैंक खाता खोल्ने कार्यका लागि योजना सम्झौता र सञ्चालन प्रकृयालाई सहज बनाउन कार्यपालिकालाई निर्देशन दिइयो।

निर्णय नं. १७ गाउँपालिकाबाट भएका निर्णय तथा सूचनाहरु प्रकाशन सम्बन्धमा:- गाउँपालिकाको वेभसाईटको उच्चतम प्रयोग गर्दै सूचना प्रविधिको उपयोग मार्फत गाउँपालिकाको महत्वपूर्ण सूचनाहरु वेभसाईटमा राख्ने कार्यलाई निरन्तरता दिँदै योजना कार्यान्वयन तथा गाउँपालिकाका महत्वपूर्ण निर्णयहरु समेत चुस्त, दुरुस्त र छिटो छरितो रुपमा सबैमा जानकारी गराउन वेभसाइटको अधिकतम प्रयोग गर्न कार्यपालिकालाई निर्देशन दिइयो।

निर्णय नं. १८ क्षति पुगेका संरचनाको निर्माण सम्बन्धमा:- गाउँपालिका क्षेत्रभित्र निर्माण व्यवसायी, उपभोक्ता समिति वा अन्य कुनै क्षेत्रबाट विकास निर्माण गर्दा अन्य कुनै संरचनामा क्षति पुगेमा सो को व्यवस्थापन क्षति पुऱ्याउने पक्षले नै गर्नु पर्ने परिपाटीलाई कडाइका साथ कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १९ टोल विकास संस्था गठन एवम् परिचालन सम्बन्धमा:- गाउँपालिका क्षेत्रभित्र टोल विकास संस्थाहरुको गठन कार्यलाई थप व्यवस्थित गरि टोल विकास संस्थाहरुलाई सूचीकृत गर्ने परिपाटीको थालनी गर्ने र गठन गरिएका टोल विकास संस्थाहरुको क्षमता विकास र विकास निर्माणमा सक्रीय गराउने निर्णय गरियो ।

निर्णय नं. २० भुक्तानी सम्बन्धमा:- उपभोक्ता समिति वा ठेक्कापट्टा मार्फत सञ्चालन गरिने योजना एवम् संरचनाको सुपरीवेक्षण तथा अनुगमन समितिले अनुगमन गरी प्राविधिक मूल्यांकन, वडा अध्यक्षको सिफारिस र विल भरपाइको आधारमा मात्र भुक्तानी दिने प्रणालीलाई निरन्तरता दिदैं पेश्की शुन्य प्रणाली लागू गर्ने जिम्मा कार्यालयलाई दिने निर्णय गरियो।

CS CamScanner

निर्णय नं २१ विपद् जोखिम व्यवस्थापन कोषको प्रभावकारी कार्यान्वयन सम्बन्धमा:- गाउँपालिका क्षेत्रभित्र आकस्मिक रुपमा आइपर्ने विभिन्न समस्या सम्बोधनका लागि "विपद् जोखिम व्यवस्थापन कोष" स्थापना भैइसकेको हुँदा यसको प्रभावकारी कार्यान्वयन गर्नुका साथै निम्न कोष स्थापना तथा सञ्चालनका लागि कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

(क) मर्मत सम्भार कोष

(ख) कर्मचारी कल्याण कोष

(ग) महिला तथा बालबालिका कोष

(घ) विविध कोष

निर्णय नं. २२ नक्सा कायम सम्बन्धमा:- गाउँपालिका क्षेत्रभित्र निर्माण सम्पन्न भएका सबै पुराना घरहरुको आवास र बस्ती व्यवस्थापनको लागि नक्सा कायम गर्ने जिम्मा कार्यपालिकालाई दिने निर्णय गरियो ।

निर्णय नं: २३ भौतिक पूर्वाधार तर्फको सम्भाव्यता अध्ययन तथा सर्वेक्षण सम्बन्धमा:- गाउँपालिका क्षेत्रभित्र खानेपानी, सडक, पुल लगायत विभिन्न भौतिक पूर्वाधार तर्फका सम्भाव्यता अध्ययन तथा सर्वेक्षणका लागि कार्यपालिकालाई अधिकार प्रत्यायोजन गरियो।

निर्णय नं. २४ सडकको क्षेत्राधिकार (Right of Way) सम्बन्धमा:- यस गाउँपालिका क्षेत्रभित्र विभिन्न घर भवनहरु निर्माण गर्दा सरोकारवालालाई अनिवार्य रुपमा (Right of Way) सडकको क्षेत्राधिकारको परिधिभित्र रही निर्माण गर्न सू-सूचित गर्न गराउन कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २५ योजना तर्जुमा सम्बन्धमा:- गाउँपालिकाले कुनै पनि योजना तर्जुमा गर्दा तथ्यमा आधारित योजना प्रक्रिया (Evidence Based Planning Process), आवश्यकतामा आधारित योजना प्रक्रिया (Need Based Planning Process). नतिजामा आधारित योजना प्रक्रिया (Result Based Planning Process) मा आधारित रही बजेट, नीति तथा कार्यक्रम र योजना छनौट गर्ने कार्यलाई निरन्तरता दिन गाउँ कार्यपालिकालाई निर्देशन दिइयो।

निर्णय नं. २६ निर्णय अनुमोदन सम्बन्धमा:- आ.व. २०८१/०८२ मा कार्यपालिकाको जम्मा १४ वटा बैठक बसी कूल जम्मा १२९ वटा निर्णय भई उक्त निर्णयहरु कार्यान्वयन समेत भइसकेको हुँदा उक्त सम्पूर्ण निर्णयहरु विधिवत भएको हुँदा एकमुष्ट सर्वसम्मत अनुमोदन गरियो ।

CamScanner

निर्णय नं. २७ स्थानीय दररेट सम्बन्धमाः- आ.व. २०८२/०८३ को लागि गाउँपालिकाको निर्माण सामग्री, ढुवानी र ज्याला आदिको दररेटका लागि जिल्ला दररेट समितिबाट निर्धारण भए बमोजिमको दररेटलाई आधार मानी स्थानीय दररेट कायम गर्न कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नंः २८ सूचना प्रविधिको प्रयोग सम्बन्धमाः- गाउँपालिका क्षेत्रलाई समय सापेक्ष प्रविधिमैत्री बनाउन कार्यालय, शाखा, वडा कार्यालय र स्वास्थ्य चौकीमा विद्युतिय हाजिर जडान एवम् प्रयोगको साथै विनियोजित बजेटको परिधि भित्र रही आवश्यकता अनुसार इन्टरनेट सेवा, सफ्टवेयर, प्रविधि सम्बन्धी उपकरणको व्यवस्थापनका लागि कार्यपालिकालाई अधिकार प्रत्यायोजन गरियो ।

निर्णय नंः २९ पारिश्रमिक थप सम्बन्धमाः- प्रारम्भिक बालविकास केन्द्रका शिक्षिका, सामुदायिक सिकाई केन्द्र र विद्यालयका कर्मचारीलाई नेपाल सरकारले दिएको बजेटमा नपुग हुन आउने रकम गाउँपालिकाबाट विनियोजन गरी न्यूनतम रु. ७,०००।- (सात हजार रुपैयाँ मात्र।) र विद्यालयमा कार्यरत विद्यालय सहायक कर्मचारी (लेखा सहायक) र विद्यालय सहयोगीको मासिक पारिश्रमिकमा रु. ४,०००।- (चार हजार रुपैयाँ मात्र।) थप गरी उपलब्ध गराउने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ३० कन्टेन्जेन्सीको कट्टी र जनश्रमदान सम्बन्धमाः- भौतिक पूर्वाधार निर्माणका योजनाहरु कार्यान्वयन गर्दा ३ प्रतिशत कन्टेन्जेन्सी रकम योजना रकमबाट गाउँपालिकाले काट्नेछ र यस्तो रकम गाउँ कार्यपालिकाले योजना बनाई आवश्यक र औचित्य अनुसार खर्च गर्ने निर्णय गरियो । साथै उपभोक्ता समिति, संघ, संस्था, मार्फत गरिने विकास निर्माणका कार्यमा न्यूनतम १० प्रतिशत जनश्रमदान गर्नुपर्ने कार्यलाई कडाईका साथ कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिईयो ।

निर्णय नं. ३१ स्थानीय राजपत्र प्रकाशन सम्बन्धमाः- गाउँ सभा र गाउँकार्यपालिकाबाट स्वीकृत भएका ऐन, नीति, नियमावली, निर्देशिका, कार्यविधि तथा अन्य मापदण्डहरु यथाशीघ्र स्थानीय राजपत्रमा प्रकाशन गरी गाउँपालिकाको सूचना पाटी तथा वेभसाईटबाट सार्वजनिक गर्ने व्यवस्था मिलाउन कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं. ३२ लागत इष्टीमेट सम्बन्धमाः- योजना सञ्चालन गर्दा योजनाको डिजाईन, इष्टीमेट तयार गरी सम्झौता गरेर मात्र काम शुभारम्भ गर्ने साथै काबु बाहिरको अवस्था र औचित्य पुष्टि नभई इष्टीमेट परिर्वतन नगर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ३३ सामुदायिक विद्यालयहरुको दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धमाः- गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुको नक्साङ्कन, रेखाङ्कन, एकीकरण र दरबन्दी मिलान गर्ने जिम्मा गाउँपालिकालाई दिने निर्णय गरियो।

निर्णय नं. ३४ समितिमा रहने सदस्यहरुको उमेर तय गर्ने सम्बन्धमाः- २० वर्ष भन्दा कम र ६० वर्ष भन्दा वढी उमेरका कुनै पनि व्यक्ति उपभोक्ता समिति तथा कार्यक्रम समितिमा बसी कार्य गर्न नपाउने निर्णय गरियो। तर जेष्ठ नागरिक तथा बालबालिका सम्बन्धी कार्यक्रमको हकमा भने यो निर्णय लागू हुने छैन ।

निर्णय नं. ३५ न्याय सम्पादान सम्बन्धी प्रतिवेदन उपर छलफल सम्बन्धमाः- आ.व. २०८१/०८२ मा न्यायिक समितिले सम्पन्न गरेका न्याय सम्पादन सम्बन्धी प्रतिवेदन उपर बृहत छलफल गरी सर्वसम्मत पास गर्ने निर्णय गरियो ।

निर्णय नं. ३६ फिल्ड भत्ता सम्बन्धमाः- गाउँपालिकामा कार्यरत इन्जिनियरिङ्ग सेवाका प्राविधिकहरुलाई कामको सिलसिलामा अत्याधिक मात्रामा फिल्डमा खट्नु पर्ने हुनाले देहाय बमोजिम फिल्ड भत्ता उपलब्ध गराउने निर्णय गरियो।

(१) ईन्जिनियरलाई मासिक रु. ८,८२४।- कर सहित

(२) सब.ई. र अ.सब.ई. लाई मासिक रु. ८,८२४।- कर सहित

(३) अमिनलाई मासिक रु. ५,०००।- कर सहित

निर्णय नं ३७ बैठक भत्ता सम्बन्धमाः- नियमित कार्य सम्पादन गरे बापत न्यायिक समितिका पदाधिकारी तथा अन्य बैठकका पदाधिकारी र समितिका सदस्यलाई नियमानुसार बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ३८ छुट राजस्व तथा सेवा शुल्क सम्बन्धमाः यस १६औं गाउँसभाको अधिवेशनबाट निर्णय हुन छुट भएका राजस्व तथा सेवा शुल्क लगायत अन्य विषयका सम्बन्धमा पछि गाउँसभाबाट अनुमोदन गर्ने गरी आवश्यक र औचित्यता हेरी निर्णय गरि राजस्व तथा सेवा शुल्क संकलन गर्ने अधिकार कार्यालयलाई जिम्मा दिइयो ।

निर्णय नं. ३९ **रोजगार रणनीतिक योजना स्वीकृती सम्बन्धमाः** कार्यालयले तयार पारेको शिवपुरी गाउँपालिकाको रोजगार रणनीतिक योजना (२०८२/०८३-२०८६/०८७) स्वीकृत गर्ने निर्णय गरियो ।

CamScanner

DATE:

निर्णय नं ४० धन्यवाद ज्ञापन सम्बन्धमाः- १६औं गाउँसभामा आगामी आर्थिक वर्ष २०८२/०८३ का वार्षिक नीति तथा कार्यक्रम, आर्थिक विधेयक, विनियोजन विधेयक, बजेट वक्तव्य, ऐन तथा कार्यविधिहरुको तर्जुमा लगायतका प्रक्रियामा प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सहभागी भई सहयोग गर्नुहुने विषयगत समितिका पदाधिकारीहरु, सम्पूर्ण जनप्रतिनिधिहरु, गाउँपालिकाका कर्मचारीहरु, राजनीतिक दलका प्रतिनिधिहरु, विभिन्न संघ संस्थाहरु लगायत सम्पूर्ण महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

CamScanner